## मिति २०७५।४।१० को कार्यापालिकाको निर्णय

### निर्णयहरु :

**निर्णय नं १,**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा करार सेवामा काम गर्नेको सेवा निरन्तरताको हकमा निजहरुको कार्यसम्पादनको मूल्याङ्कनको आधारमा कार्यपालिकाको निर्णयानुसार गर्ने भनि गाउँसभाबाट भएको निर्णयानुसार यस गाउँपालिका, विभिन्न वडा कार्यालय तथा विषयगत शाखाहरुमा कार्यरत रही आएका र कार्यसम्पादन सन्तोषजनक रहेका तपशिलका कर्मचारी तथा वडा नं ३, ५ र ६ को सामाजिक परिचालकको सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

### तपशिल

**(क) गाउँपालिका तर्फ :**

**१. सूचना प्रविधि अधिकृत** : स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट पनि कार्यसम्पादनको आधारमा निजको करार हाललाई मिति २०७५ श्रावन १ देखि पौष मसान्त सम्म थप गर्ने र निजको तलबको २५ प्रतिशत रकम कार्यालयबाट व्यवस्था गर्न लेखि आएको सम्बन्धमा सूचना प्रविधि अधिकृत श्री दिपेश प्रधानको कार्यसम्पादन सन्तोषजनक देखिएकोले कार्यक्रमको पत्रानुसार म्याद थप गर्ने र अन्य शर्तहरु करार सम्झौता अनुसार हुने ।

**२. कार्यालय सहयोगी** : तपशिलका कार्यालय सहयोगीको हकमा मिति २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्तसम्म करार सम्झौता गर्ने र करारका अन्य शर्तहरु करार सम्झौता अनुसार हुने ।

**तपशिल**

| क्र.स. | नाथ,थर | कार्यरत स्थान | कैफियत |
|---|---|---|---|
| १ | दलविर बुढा | गाउँपालिका | |
| २ | कृष्णबहादुर घर्ती | गाउँपालिका | |
| ३ | गंगा बोहरा | गाउँपालिका | |
| ४ | कृष्णी बुढाथोकी | वडा नं. १ | |
| ५ | मेघबहादुर खड्का | वडा नं. २ | |
| ६ | नरबहादुर पुन | वडा नं. ३ | |
| ७ | नोखिराम बोहरा | वडा नं. ५ | |
| ८ | चित्रबहादुर थापा | वडा नं. ६ | |

**३. सामाजिक परिचालक तर्फ :**

**(१) गरिवसंग विषेश्वर कार्यक्रम** : कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय को च.न.०३ मिति २०७५।४।३ को पत्रानुसार आ.व. २०७५।७६ का लागि बजेट तथा अख्तियारी पठाउने क्रममा रहेकोले २०७५ आषाढसम्म कामकाज गर्दै आइरहेका, कार्यसम्पादन राम्रो भएका, तोकिएको कार्यक्षेत्रमा रही समूह क्रियाकलाप संचालन गरेका र सम्बन्धित गा.पा.कार्यालय वा वडा कार्यालयमा रही काम गरिरहेका गरिवसंग विशेश्वर कार्यक्रमका सामाजिक परिचालकलाई अर्को

व्यवस्था भएमा सोही बमोजिम हुनेगरी हाललाई २०७५ श्रावण १ गते देखि २०७६ आषाढ मसान्तसम्म सेवा करार थप गरी कामकाज गराउने व्यवस्था मिलाई सहायोग गर्नुहुन भनि लेखि आएकोले यस गाउँपालिकामा यस अघि कार्यरत गरिवसंग विशेश्वर कार्यक्रमको सामाजिक परिचालक सीता डाँगी (रावत) लाई सो मन्त्रालयबाट प्राप्त अख्तियारी अनुसार पारिश्रमिक पाउने गरी पत्रमा उल्लेखित मितिको करार सम्झौता गरी कामकाज लगाउने ।

**(२) वडा नं ३ र ५ को सेवा प्रवाह सम्बन्धमा** : कार्यालयमा कर्मचारीको अभावले गर्दा दैनिक सेवा प्रवाहको लागि अत्यावश्यक भएमा कार्यपालिकाबाट अवस्था हेरी अस्थायी व्यवस्थापन गर्न सकिने गरी गाउँसभाबाट भएको निर्णय अनुसार स्थायी कर्मचारीको व्यवस्थापन भएमा स्वतः नरहने गरी हाललाई वडा नं ३ र ५ मा कर्मचारी व्यवस्थापन गर्न अत्यावश्यक देखिएको (वडा नं ३ को सचिवले वडा नं ४ पनि हेर्नु पर्ने भएको साथै वडा नं ५ मा सचिव नै नभएको अवस्था भएको) ले सामाजिक परिचालक पार्वती बुढालाई वडा नं ३ र तिला बोहरा (राना) लाई वडा नं ५ मा दैनिक रु. ५००।- का दरले पारिश्रमिक पाउने गरी दैनिक ज्यालादारीमा भर्ना गर्ने ।

**(३) वडा नं ६ को सम्बन्धमा :** ६ नं वडा कार्यालयमा करारमा कार्यरत कर्मचारी श्री यज्ञविक्रम श्रेष्ठको हकमा विद्यमान कानूनी प्रावधान, निजको सम्बन्धमा यस अघि गाउँपरिषदबाट भएको निर्णय समेतको आधारमा विचार गरी आवश्यक व्यवस्था गर्न कार्यापालिकालाई अधिकार दिने गरी भएको गाउँ सभाको निर्णयानुसार निज व्यक्ति साविक त्रिवेणी गा.वि.स.को २०७३ को (गाउँपालिका हुनु पूर्वको) गाउँपरिषदबाट मासिक रु.१५०००।- पारिश्रमिक पाउने गरी सामाजिक परिचालकको रुपमा करारमा कामकाज गर्न म्याद थप भएको, कानूनी अवस्था हेर्दा वर्तमान अवस्थामा अन्तरिम संगठन संरचना स्वीकृत भई स्थायी संगठन संरचना अन्तिम चरणमा पुगेको र स्थायी संगठन संरचना स्वीकृत पश्चात् प्राविधिक, कार्यालय सहयोगी, सवारी चालक, पाले बगैचे जस्ता पद बाहेक अन्य कुनैपनि पदमा करारमा कर्मचारी भर्ना गर्न नपाइने हुनाले उक्त अवस्था भएमा सोही अनुसार हुनेगरी (निज कर्मचारी सामाजिक परिचालकको रुपमा करारमा सेवा गरेको तथा अत्यावश्यक भएको हुनाले) हाललाई रु.१५०००।- मासिक पारिश्रमिक पाउने गरी करारमा भर्ना गर्ने र अन्य शर्तहरु करार सम्झौतामा उल्लेख भए अनुसार हुने ।

**४. प्राविधिक कर्मचारी सम्बन्धमा** : गाउँ कार्यपालिका कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीको कार्यसम्पादन समग्रमा सन्तोषजन नभएको र त्यसमा पनि विषेश गरी इन्जिनियरको कार्यसम्पादन स्तर सन्तोषजनक नपाइएको र कार्यसम्पादन सुधार गर्ने तिर चासो नदेखाएकोले सव- इन्जिनियर सूर्य प्रकाश वलीलाई मात्र श्रावण १ देखि २०७६ आषाढ मसान्तसम्मको करार सम्झौता गरी कामकाज लगाउने र करारका अन्य सर्तहरु करार सम्झौतामा उल्लेख हुने ।

(ख) **स्वास्थ्य सेवातर्फ :** देहायका व्यक्तिहरुको कार्यसम्पादन स्तर सन्तोषजनक देखिएकोले निजहरुलाई मिति २०७५ श्रावण १ गते देखि मिति २०७६ आषाढ मसान्तसम्म करार सेवामा कामकाज लगाउने र करारका अन्य शर्तहरु करार सम्झौतामा उल्लेख भए अनुसार हुने ।

| कार्यालय | संख्या | पद | कर्मचारी | कैफियत |
|---|---|---|---|---|
| काभ्रा | १ | अ.न.मी. | उमा बस्नेत | |

| | | | | |
|---|---|---|---|---|
| | १ | का.स. | माया पुन | |
| | | | | |
| काँरागिठी | १ | अ.न.मी. | निर्मला मल्ल | |
| | १ | का.स. | अनिता राम्जा | |
| | | | | |
| ढुङ्गिबगर | १ | अ.न.मी. | पम्फा वली | |
| | १ | अ.न.मी. | रचना बस्नेत | |
| | १ | का.स. | लालमती वली | |
| | | | | |
| सरिकोट | १ | अ.हे.व. | तुलसी भण्डारी | |
| | १ | का.स. | रामकुमारी नेपाली | |
| | | | | |
| त्रिवेणी | १ | अ.न.मी. | शोभा शर्मा | |
| | १ | अ.न.मी. | दिपा भण्डारी | |
| | १ | अ.हे.व. | श्री हिमा डांगी | |
| | १ | का.स. | डिल्ली बहादुर खड्का | |
| | | | | |
| सिम्क | १ | अ.हे.व. | सुरेश बोहरा | |
| | १ | का.स. | विकास घर्ती | |

**(ग) पशु सेवा तर्फ :** ना.प्रा.स. श्री सञ्जय के.सी. र हुकुम बहादुर राम्जाको कार्यसम्पादन स्तर सन्तोषजनक देखिएकोले एक गाउं एक प्राविधिक कार्यक्रम अन्तर्गत सशर्त अनुदानमा व्यवस्था भए बमोजिम त.भ.पाउने गरी निजलाई मिति २०७५ श्रवान १ देखि २०७६ आषाढ मसान्तसम्म करारमा कामकाज लगाउने र करारका अन्य विषय करार सम्झौता अनुसार हुने ।

**(घ) कृषि सेवा तर्फ :** ना.प्रा.स. श्री राधिका खत्रिको कार्यसम्पादन स्तर सन्तोषजनक देखिएकोले एक गाउं एक प्राविधिक कार्यक्रम अन्तर्गत सशर्त अनुदानमा व्यवस्था भए बमोजिम त.भ.पाउने गरी निजलाई मिति २०७५ श्रवान १ देखि २०७५ आषाढ मशान्त सम्म काररमा कामकाज लगाउने र करारका अन्य विषय करार सम्झौता अनुसार हुने ।

**(ङ) महिला तथा बालबालिकाको सामाजिक परिचालिका सम्बन्धमा :** महिला तथा बालबालिका कार्यालय सल्यानको च.नं. ४३६ मिति २०७५।३।३२ को महिला जागृति कार्यक्रम अन्तर्गत सामाजिक परिचालिका खिमा डांगीलाई व्यवस्थापन गर्नुहुन भनी लेखी आएकाको सन्दर्भमा अर्को व्यवस्था भएमा सोही अनुसार हुनेगरी सशर्त अनुदानमा शिर्षकमा बजेट व्यवस्था भएमा सम्झौता अनुसारको प्रोत्साहन भत्ता पाउने गरी हाललाई २०७५ साउन १ गतेदेखि २०७६ असार मसान्तसम्म निजलाई करारमा कामकाज लगाउने । अन्य शर्तहरु करार सम्झौतामा उल्लेख भए अनुसारहुने ।

**निर्णय नं.२,**

प्रस्ताव नं २ माथि छलफल गर्दा प्रस्ताव अनुसार यस गाउँपालिकाको वार्षिक कार्यक्रम बमोजिम गाउँपालिकाले एम्बुलेन्स खदि गर्नुपर्ने भएकोले यस क्षेत्रका जनताको स्वास्थ्य सम्बन्धी अधिकारलाई सुनिश्चित गर्न शिघ्र एम्बुलेन्स सेवा संचालन गर्न आवश्यक भएको सन्दर्भमा छिटो छरितो प्रक्रियाबाट खरिद गर्न आवश्यक देखिएको र सो को लागि सार्वजनिक खरिद ऐन, २०६३

को दफा ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख को (१) अनुसार सार्वजनिक निकायले सवारी साधन लगायतका मेसिनजन्य तथा औषधिजन्य सामाग्रीहरु छोटो समयमा खरिद गर्न उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दर (क्याटलग सपिङ विधि) बाट खरिद गर्न सकिने व्यवस्था भएकोले सोही व्यवस्था अनुसार यस गाउँपालिकाको एम्बुलेन्स खरिद गर्ने प्रक्रिया थालनी गर्ने तथा सो को भन्सार छुटको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३,**

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय, विषयगत शाखाहरुको अन्तरिम संगठन संरचना र दरबन्दी स्वीकृत भएकोमा स्थानीय तहको कार्य प्रकृति, सेवा प्रवाह एवं विकास व्यवस्थापनको आवश्यकता, भौगोलिक स्थिति, सेवा पुऱ्याउनु पर्ने जनसंख्या समेतको आधारमा स्थायी संगठन संरचना र दरवन्दी निर्धारण गरी स्वीकृत गर्नुपर्ने हुँदा अन्तरिम संगठन एवं दरबन्दी व्यवस्थापनमा परिवर्तण गर्नुपर्ने भए पत्रमा उल्लेखित कुराहरु स्पष्ट पार्दै कार्यपालिकाबाट निर्णय गरी १५ दिन भित्र प्रस्ताव गर्नुहुन भनि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट लेखि आएकोले सो अनुसार यस गाउँ कार्यपालिकाको संगठन संरचना र दरबन्दी लगायतका विवरणहरु तपसिल अनुसार निर्धारणको लागि मन्त्रालयमा प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

**तपशिल**

**(क) संगठन संरचना र दरवन्दीमा थप घट भएको विवरण :**

**१. संगठन संरचनामा  भएको थप**

- स्वास्थ्य तथा आर्थिक सामाजिक विकास शाखा
- स्वास्थ्य इकाई
- आर्थिक विकास इकाई

**२. दरबन्दीमा भएको थप घट :**

- स्वास्थ्य तथा आर्थिक सामाजिक विकास शाखा प्रमुखको रुपमा सामाजिक विकास  अधिकृत (छैटौ) १ राखिएको
- स्वास्थ्य इकाइमा हे.अ.(छैटौ) राखिएको
- सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाइमा सहायक स्तर चौथो १
- आर्थिक विकास इकाईमा ना.सुं १, प्रा.स.(कृषी) १ र प्रा.स.(पशु) १ थप गरिएको
- आर्थिक प्रशासन इकाइमा खरिदार पदलाई सहायक चौथो प्रस्ताव गरिएको

**३. साविक स्थानीय निकायमा रहेका स्थायी  कर्मचारीको समायोजन सम्बन्धमा**

(क) तत्कालिन् जि.वि.स.का स्थायी कम्प्यूटर अधिकृतलाई स्वास्थ्य तथा आर्थिक सामाजिक विकास शाखाको सामाजिक विकास अधिकृत पदमा व्यवस्थापन गर्ने,

(ख) ३ जना सहायक लेखापालहरुलाई एक जना आर्थिक प्रशासन इकाइमा, एकजना प्रशासन इकाईमा र एक जना सामाजिक सुरक्षा तथा पंजिकरण इकाइमा व्यवस्थापन गर्ने

**४. पदको कार्यविवरण तथा संगठन चार्ट :**

(क) कार्यविवरण पछि तयार गरिने

(ख) संगठन चार्ट देहाय अनुसार छ :

**संगठन चार्ट**